## श्री ५ को सरकार
## अर्थ-मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले मिति ०२२।१२।७ का निर्णयानुसार मिति ०२२।६।२६ संख्या ३८ को नेपाल गजेट भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम तोकिएको निम्नलिखित अञ्चल स्तरीय मूल र शाखा कर अड्डाहरूको सदर मुकाम र कार्यक्षेत्रमा हेर–फेर गरी निम्नबमोजिम तोकिएको छ :–

| संशोधित कर अड्डाको नाम– | सदर मुकाम– | कार्य क्षेत्र– |
|---|---|---|
| १. कर अड्डा गण्डकी र धवलागिरी अञ्चल – – – – | पोखरा | कास्की पोखरा स्यांजा मनाङ र पर्वत |
| ऐ को शाखा अफिस– | बन्दिपुर | तन्हौं, गोर्खा र लमजुङ् |
| २. कर अड्डा लुम्बिनी राप्ती अञ्चल | भैरहवा | |

+

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

## श्री ५ को सरकार
## अर्थ–मन्त्रालयको
## सूचना

उखडासम्बन्धी ऐन, २०२१ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सो ऐन, अन्तर्गतको मुद्दा–मामिलाको कारवाइ गरी अन्तिम किनारा लगाउन निम्नलिखित जिल्लाहरूका लागि निम्नबमोजिम ट्राइब्यूनल गठन गरेको छ :–

| रूपन्देही नं. १ ट्राइब्यूनल | | मुकाम |
|---|---|---|
| जिल्ला न्यायाधीश श्री पुष्पबहादुर राउत | – अध्यक्ष | भैरहवा |
| किसान संगठनका प्रतिनिधि श्रीकेदार पाण्डे | – सदस्य | |
| सप्तरी मालको तहरीर – | सदस्य | |

| रूपन्देही नं. २ ट्राइब्यूनल | | मुकाम |
|---|---|---|
| जिल्ला न्यायाधीश श्री गोविन्दप्रसाद – | अध्यक्ष | लुम्बिनी |
| किसान संगठनका प्रतिनिधि श्री भवनाथ दुवे – | सदस्य | |

८९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| महोत्तरी मालको तहरीर | — | सदस्य | |
| **कपिलवस्तु नं. १ ट्राइब्युनल** | | | मुकाम |
| जिल्ला न्यायाधीश श्री लीलामणि अधिकारी | — | अध्यक्ष | तौलिहवा |
| किसान संगठनका प्रतिनिधि श्री वासुदेव सिंह | — | सदस्य | |
| दाङ् मालको तहरीर | — | सदस्य | |
| **कपिलवस्तु नं. २ ट्राइब्यूनल** | | | मुकाम |
| जिल्ला न्यायाधीश श्री बासुदेव उपाध्याय | — | अध्यक्ष | तौलिहवा |
| किसान संगठनका प्रतिनिधि श्री पद्मबहादुर | — | सदस्य | |
| रौतहट मालको तहरीर | — | सदस्य | |
| **कपिलवस्तु नं. ३ ट्राइब्यूनल** | | | मुकाम |
| जिल्ला न्यायाधीश श्री पद्मराज मिश्र | — | अध्यक्ष | बहादुरगञ्ज |
| किसान संगठनका प्रतिनिधि श्रीचन्द्रभूषणपाण्डे | — | सदस्य | |
| नवलपरासी मालको तहरीर | — | सदस्य | |

खण्ड १४, मिति २०२१।११। २२ अतिरिक्ताङ्क ३३ को नेपाल गजेट भाग ४ मा प्रकाशित यससम्बन्धी सूचनालाई खारेज गरिएको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार
## अर्थ-मन्त्रालय
## मालपोत विभागको
## सूचना

यस विभागका से. अ. श्री पुष्पप्रसाद लुइँटेल गुठी संस्थानको प्रशासकको रूपमा काज जानुभएकोले निज फर्की नआएसम्मका लागि निजामती सेवा नियमावली, २०२१ को परिच्छेद ८ को नियम २ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति ०२२।६।१ देखि यस विभागका ना. सु. श्री कृष्णप्रसाद पराजुलीलाई कायम मुकायम मुकरर गरेको छ ।

रेवतिजङ्गध्वज कार्की
का. म. निर्देशक ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुने